मध्यनेपाल नगरपालिका

स्थानीय राजपत्र

खण्डः ४,  संख्याः४ ,  प्रकाशित मितिः २०७८।०३।२२

**भाग-२**

# मध्यनेपाल नगरपालिकाको लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७८

लैंगिक हिंसा निवारण कोष (सञ्चालन) दोस्रो संशोधन नियमावली, २०७६ बमोजिम यस मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७८/०१/१५ गतेको निर्णयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ तथा परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यी कार्यविधिको नाम लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"मन्त्रालय"** भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा प्रदेश स्तरिय सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ ।

(ख) **"स्थानीय तह"** भन्नाले मध्यनेपाल नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) **"शाखा"** भन्नाले मध्यनेपाल नगरपालिकामा रहेको महिला तथा बालबालिका शाखा सम्झनु पर्दछ ।

(घ) **"कोष"** भन्नाले लैंगिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ङ) **"पीडित"**भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(च) **"समिति"** भन्नाले स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्दछ ।

(छ) **"लैंगिक हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

## परिच्छेद २

## कोष स्थापना, कोषको रकम, उपयोग तथा व्यवस्थापन

**३.कोषको स्थापना :** (१) मध्यनेपाल नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा एक लैंगिक हिंसा निवारण कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम ,

(ख) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम ,

(ग) स्थानीय सरकारबाट वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) बमोजिम जम्मा भएको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गरिनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :** स्थानीय तहले लैङ्गिक हिंसा पिडीत तथा प्रभावितहरुको लागि नगर सभाबाट बार्षिक रुपमा बजेट विनियोजन गरी कोषमा रकम जम्मा गर्नुपर्नेछ। साथै संघ तथा प्रदेश मन्त्रालयले नियमानुसार कोषमा रकम जम्मा गर्न सक्नेछन ।

**५.कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पिडीत पक्षलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।:-

(क) तत्काल उद्धार गर्न ,

(ख) औषधी उपचार गर्न ,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन ,

(घ) कानुनी सहायता ,मनोबैज्ञानिक उपचार तथा मनोबिमर्श प्रधान गर्न ,

(ङ) कुनै व्यवसाय गर्नका लागि विउपूँजि(सीड मनी) को रुपमा प्रधान गर्न ।

(च) पुर्नस्थापना गराउन ,

(छ) पीडितको लागि समितिले तोके बमोजिमको अन्य काममा ।

(२) दफा ५ उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

## परिच्छेद ३

## तत्काल उद्धार तथा राहात समिति गठन तथा काम कर्तव्य ,अधिकार क्षेत्र, समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था

**७. तत्काल उद्धार तथा राहात समितिको गठन :-** (१) पीडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराई कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि तत्काल उद्धार तथा राहात समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) नगर उप प्रमुख , | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत , | सदस्य |
| (ग) ईलाका प्रहरी कार्यालय प्रमुख, | सदस्य |
| (घ)स्वास्थ्य शाखा प्रमुख, | सदस्य |
| (ङ) नगर उप प्रमुखले तोकेको १ जना महिला, | सदस्य |
| (च) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट नगर प्रमुखले तोकेको संस्थाका १ जना प्रतिनिधि, | सदस्य |
| (छ) नगर प्रमुखले तोकेको स्थानीय मेलमिलापकर्ता मध्ये बाट १ जना, | सदस्य |
| (ज)महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको समितिको पदावधि ३ वर्षको हुनेछ ।

(४) तत्काल उद्धार तथा राहात समितिको सचिवालय स्थानीय तहको महिला तथा बालबालिका शाखामा रहनेछ ।

**८.तत्काल उद्धार तथा राहात समितिको काम कर्तव्य र अधिकार** :समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैंगिक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकारबाट स्विकृत नीति, योजना तथा कार्यक्रमसँग नबाझीने गरी कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउन कार्यालयको नाममा रकम निकासा गर्ने ,

(ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ,

(घ) जिल्ला तथा स्थानीय स्तरमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने ,

(ङ) लैंगिक हिंसा हुन नदिनका लागि स्थानीय स्थरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ,

(च) स्थानीय तह भित्र घटेका लैंगिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने ,

(छ) सीपमुलक तालिम प्राप्त पीडितलाई बीउ पुँजी (सिड मनी) प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागु गर्ने ,

(ज) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(झ) लैंगिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

(ञ) समितिको कार्य प्रगती प्रतिवेदन तयार पारी चौमासीक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

**९. समितिको बैंठक र निर्णय** :(१) समितिको बैंठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य सचिवले छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ । र निजको अनुपस्थितिमा सञ्चालक समितिमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छनौट गरेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।साथै समितिको संयोजक र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्णय गरे बमोजिम हुनेछ ।

**१०. पीडितलाई रकम उपलब्ध गराउने** :पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि समितिले सिफारिस गरी मनासिब देखिएको रकम पीडितको नाममा स्थानीय तहले उपलब्ध गराउनेछ ।

## परिच्छेद ४

**राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार ,निवेदन तथा थप रकम सम्बन्धी व्यवस्था**

**११.राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ । : -

(क) पीडितलाई तत्काल उद्दार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजानिक सवारी साधनबाट यात्रा गर्दा स्थानीय तहको दररेट अनुसारको भाडा रकम , खाना खर्चबापत प्रतिदिन तीन सय रुपैंया र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैंयाको दरले बढिमा एकमुष्ट सात हजार रुपैंया ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउंदा जांदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम , खाना खर्च वापत प्रति दिन तीन सय रुपैंया , अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दलिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैंया र उपचार खर्च समेत गरी बढीमा एकमुष्ट दश हजार रुपैंया ,

(ग) कानुनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि छ हजार रुपैंया नबढ्ने गरी लागेको यथार्थ खर्च वा कानूनी सहायता प्रदान गरिनेछ ।

(घ) पीडितद्वारा कुनै व्यवसाय गर्नको लागि बीउँ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा दश हजार रुपैंया ,

(ङ) पुर्नस्थापनाको लागि बढीमा सात हजार रुपैंया ,

(च) समितिले तोके वमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैंया ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कूनै पीडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई पाँच हजार रुपैंयामा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउँ भन्ने व्यहोराको अनूसूची १ मा उल्लेखित फारम भरी समितिलाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा समितिको संयोजकको अनुमतिमा दफा ११ को उपदफा (१) बमोजिम पीडितलाई रकम उपलब्ध गराउन सकिनेछ त्यसरी रकम उपलब्ध गराईएपछि बस्ने समितिको बैंठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**परिच्छेद ५**

### रकम भुक्तानी, खाता सञ्चालन, कोषको लेखा र लेखा परिक्षण

**१३.रकम भुक्तानी :**(१) समितिबाट स्वीकृत भई पीडितलाई उपलब्ध गराईएको रकम पीडितको नाममा / नजिकको नातेदारको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट सिधै भुक्तानी दिईनेछ ।

**१४.खाता सञ्चालन :**कोषको खाता सञ्चालन कार्यालय प्रमुख र लेखा शाखा प्रमुखको सँयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ६

### प्रतिवेदन र बैठक भत्ता

**१६. प्रतिवेदन पेश गर्ने :** (१) समितिले प्रत्येक चार महिनामा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

(२)समितिले अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय र पन्ध्र दिन भित्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

**१७. बैंठक भत्ता :**समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैंठकमा भाग लिए वापत नगरपालिकाले तोके बमोजिमको रकम बैंठक भत्ता वापत पाउन सक्नेछ ।

## परिच्छेद ७

### विविध

**१८. निर्देशन दिन सक्ने :** (१) मन्त्रालय/स्थानीय तहले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

## अनूसूची १

## ( परिच्छेद ४ दफा १२ उपदफा (१) सँग सम्बन्धीत )

श्री संयोजक ज्यू,

तत्काल उद्धार तथा राहात समिति,

मध्यनेपाल नगरपालिका, लमजुङ।

विषयः आवस्यक सहयोग सम्वन्धमा ।

म जिल्ला लमजुङ, मध्यनेपाल नगरपालिका वडा नं. ....... टोल ........................ बस्ने वर्ष .........को ........................... मिति ......................मा लैंगिक हिंसाबाट पीडित भएको छु ।मेरो आर्थिक स्थर ज्यादै कमजोर रहेको छ ।म उपर लैङ्गिक हिंसा (..........................) भएको कारणले मेरो मानसिक / शारीरिक / सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार / कानूनी सहायता एवं परामर्श / उद्धार / मनोविमर्श /स्वरोजगार /पुनर्स्थापन /अन्य ................................ कामको लागि

सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध दिनुहुन यो निवेदन पेश गरेको छु ।

<u>निवेदकको :</u>

नाम /थर :दस्तखत :

मिति : ठेगाना :

सम्पर्क नं. :

आज्ञाले
बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत